# मनाङ डिस्याङ गाउँपालिकाको “आर्थिक ऐन, २०८१”

मनाङ डिस्याङ गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८१

गाँउसभावाट स्वीकृत मिति :२०८१।०३।१०

**प्रस्तावनाः**

मनाङ डिस्याङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मनाङ डिस्याङ गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “आर्थिक ऐन, २०८१” रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि मनाङ डिस्याङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पति कर :** गाउँपालिपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)** यस गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार वा निकासी गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**६. सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम सवारी साधन कर लगाइनेछ ।

**७.विज्ञापन कर :** गाउँ पालिका क्षेत्रभित्र हुने विज्ञापनमा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम विज्ञापन कर लगाइनेछ ।

**८.मनोरन्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ । । तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा गाउँकार्यपालिकाको निर्णय अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क :** गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत गाउँकार्यपालिकाको निर्णय अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (७) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. दहत्तर बहत्तर शुल्कः** यस गाउँपालिका क्षेत्रभित्र उपलब्ध हुने नदिजन्य तथा खानिजन्य वस्तुको संकलन तथा निकासीमा प्रदेश कानुनमा व्यवस्था भएबमोजिम दहत्तर बहत्तर शुल्क लगाइने छ।

**१३.कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन । तर विशिष्ट अवस्थामा कर छुट दिनुपर्ने भएमा गाँउ कार्यपालिकाले औचित्य समेत खुलाई निर्णय गर्न सक्नेछ र सो निर्णय ततपश्चात वस्ने गाँउसभावाट अनुमोदन गराउनुपर्ने छ ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुने छ ।

**१५. अनुसुचीमा हेरफेरः-** यस ऐन बमोजिम उल्लेखित अनुसुचीमा हेरफेर गर्नुपरेमा कारण तथा औचित्य सहित गाउँपालिकाले निर्णय गरि हेरफेर गर्न सक्नेछ।

## अनुसुची १

### सम्पती करको दरहरु

| सि.न. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | सामान्य घर(काठले बनेको) | रु ५० | प्रति वर्ष |
| २ | पक्की घर(ढुङ्गा र सिमेन्टले बनेको) | रु १५० | प्रति वर्ष |

## अनुसुची २

### मालपोतको दरहरु

| सि.न. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | न्युनतम | रु ५० | |
| २ | एक रोपनी वा सो भन्दा माथी | रु ५० | प्रति रोपनी |

## अनुसुची ३

### घरवहाल कर

| सि.न. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | घर वहाल कर | १० प्रतिशत | घर भाडाको |

## अनुसुची ४

### जडिबुटी, जिवजन्तु तथा कवाडी करको दरहरु

| सि.न. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | निकासा दस्तुर | | |
| | वन लसुन | रु २०० | प्रति के.जि. |
| | धुपी | रु २० | प्रति के.जि. |
| | यार्सागुम्बा निकासी दस्तुर | रु १०००० | प्रति के.जि. |
| | गुची च्याउ | रु ५०० | प्रति के.जि. |
| | कवाडी निकासी दस्तुर | रु ५ | प्रति के.जि. |
| २ | संकलन दस्तुर | | |
| | यार्सागुम्बा(स्थानीय) | रु १००० | प्रति व्यक्ति |
| | यार्सागुम्बा | ६ प्रतिसत | ठेक्का रकमको |
| | यार्सागुम्बा(अन्य व्यक्ति) | रु १५०० | प्रति व्यक्ति |

## अनुसुची ५

## मनोरञ्जन कर

| सि.न. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | मनोरञ्जन कर | रु १००० | प्रति दिन |
| २ | डकुमेन्ट्री निर्माण | रु १००० | प्रति दिन |

## अनुसुची ६

## सेवा शुल्क दस्तुरको दरहरु

| सि.न. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | सिफारिस दस्तुर | रु ५०० | |
| २ | Consultation प्रमाणित | रु ५०० | |
| ३ | सिफारिस दस्तुर वडा कार्यालय | रु ३०० | |
| ४ | नागरिकता तथा प्रतिलिपि नागरिकता सिफारिस | रु ३०० | |
| ५ | नाता प्रमाणित नेपाली | रु ३०० | |
| ६ | नाता प्रमाणित अंग्रजी | रु ५०० | |
| ७ | नावालक नागरिकता सिफारिस | रु ३०० | |
| ८ | घर बाटो सिफारिस मोटर बाटोले नछोएको | रु ३०० | |
| ९ | घर बाटो सिफारिस मोटर बाटोले छोएको | रु ५०० | |
| १० | विभिन्न प्रकृतिका अंग्रजी सिफारिस तथा प्रमाणित | रु ५०० | |
| ११ | व्यक्तिगत प्रयोजनका सिफारिसहरु | रु ३०० | |
| १२ | सार्वजनिक कार्यालयका लागि सिफारिस | निशुल्क | |
| १३ | छात्रवृत्ति सिफारिस | रु २०० | |
| १४ | अपाङ्ग तथा असहायको सिफारिस | निशुल्क | |
| १५ | घटना दर्ता जरिवाना | नियमानुसार | |
| १६ | आय प्रमाणित | ०.१ प्रतिशत | |
| १७ | अचल सम्पति मुल्याङ्कन | | |
| | २० लाख सम्मको | १ प्रतिशत | |
| | २० लाख १ करोड सम्मको | ०.५ प्रतिशत | |
| | १ करोड भन्दा माथि | ०.२५ प्रतिशत | |
| १८ | विद्युत सिफारिस | रु ३०० | |

| | | | |
|---|---|---|---|
| १९ | सिफारिस छुट | विपद र विपन्न | |
| २० | व्यवसाय दर्ता | रु ५००० | |
| २१ | व्यवसाय नविकरण | रु २००० | |
| २२ | उद्योग व्यवसाय दर्ता | रु ५००० | |
| २३ | उद्योग व्यवसाय नविकरण | रु ३००० | |
| २४ | घ वर्गको निर्माण व्यवसाय कर | | |
| | इजाजत पत्र दस्तुर | रु २५००० | |
| | इजाजत पत्र नविकरण दस्तुर | रु ५००० | |
| | इजाजत पत्र नविकरण थप दस्तुर | रु ५००० | |
| | इजाजत पत्र प्रतिलिपी दस्तुर | रु ५००० | |
| २५ | नाम संशोधन, नाम छुट तथा दुई नाम सिफारिस | रु ३०० | |
| २६ | स्थायी वा अस्थायी बसोबास सम्बन्धि सिफारिस | रु ३०० | |
| २७ | नाम, थर, जम्ममिति संशोधन सिफारिस | रु ३०० | |
| २८ | सम्बन्ध विच्छेद भएको सिफारिस | रु ५०० | |
| २९ | व्यवसाय दर्ता प्रमाण भएको नक्कल प्रति | रु १००० | |
| ३० | घर निर्माण सम्पन्न सिफारिस(आर.सि.सि) | रु ५०० | |
| ३१ | घर निर्माण सम्पन्न सिफारिस(कच्ची घर) | रु ३०० | |
| ३२ | निजि क्षेत्रका रुख कटान सिफारिस | रु १०० | |
| ३१ | विभिन्न दलित, जनजाति तथा घर प्रमाणित | रु ३०० | |
| ३२ | कर क्लियर सिफारिस नेपाली | रु ३०० | |
| ३४ | उद्योग दर्ता नविकरण सिफारिस | | |
| | साना | रु ५०० | |
| | मझौला | रु ८०० | |
| | ठुला | रु १२०० | |
| ३५ | घर ढलान गर्दा बाटो प्रयोग सम्बन्धि सिफारिस | रु ३०० | |
| ३६ | रसिदको प्रतिलिपी दस्तुर | रु ५० | |
| ३७. | जरिवाना | १० प्रतिशत | प्रतिवर्ष |
| | | | |